नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौ

# विज्ञप्ति

सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने सम्बन्धमा यस विभागको मिति २०७९ जेष्ठ २० गते प्रकाशित सूचनाबाट आम सेवाग्राहीमा पर्न गएको द्विविधा र त्यसबाट उत्पन्न भएको असुविधाप्रति यातायात व्यवस्था विभाग क्षमायाचना गर्दछ। सर्वप्रथम, उक्त सूचना नेपाल सरकारबाट मिति २०७८ कार्तिक २२ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाको परिपुरक सुचना भएको व्यहोरा स्पष्ट गरिएको छ। २०७९ जेष्ठ २० गतेको विभागको सूचना मिति २०७८ कार्तिक २२ गतेको राजपत्रको सूचनाको निरन्तरता मात्र हो। यस सूचना मार्फत २०७९ श्रावण १ गतेका दिन विहान देशका सडकमा गुड्ने सबै सवारी साधनमा ईम्बोस्ड नम्बर प्लेट जडान हुनुपर्छ भन्ने आसय विभागको अलिकति पनि होईन। विभाग यस विषयमा प्रष्ट छ कि दिईएको ४० दिनमा नेपालमा हाल दर्ता कायम रहेका सबै साधनमा त परै जावस अहिलैकै गतिमा नम्बर प्लेट जडान हुने हो भने सम्झौता बमोजिम परियोजनाले जडान गर्नुपर्ने २५ लाख सवारी साधनको केही प्रतिशत सवारी साधनमा मात्र ईम्बोस्ड नम्बर प्लेट जडान हुने सक्ने देखिन्छ । तर २०७८ कार्तिक २२ गतेको राजपत्रको सूचना बमोजिम जो जसले ईम्बोस्ड नम्बर प्लेट अनिवार्य जडान गर्नुपर्ने थियो, ति सवारीमा यस्ता प्लेट जडान भएका छन् वा छैनन् भन्ने अनुगमन भने गर्नुपर्ने देखियो। किनकी ईम्बोस्ड नम्बरप्लेट जडान ऐच्छिक विषय होईन र सिमित समयमा यो कार्य पुरा गर्नको लागि आगामी दिनमा यो कार्यको गति तिव्र हुन जरुरी भईसकेको छ। ईम्बोस्ड नम्बर प्लेट परियोजनाका कारण राज्यको दायित्व थपिदै जाने तर त्यसले लक्षित उद्देश्य प्राप्त नहुने अवस्थामा जिम्मेवार निकाय र पदाधिकारीहरु गम्भीर हुनुपर्दछ भन्नेमा विभाग सचेत रहेको छ।

२०७९ जेष्ठ २० गतेको सुचनाबाट ईम्बोस्ड नम्बर प्लेटका सम्बन्धमा केही अस्पष्टता सिर्जना भएको र सार्वभौम संसद, संचार माध्यम तथा सामाजिक सञ्जालमा समेत यस विषयमा वहस भएकोले यस सम्बन्धमा थप स्पष्टता गरिएको छ।

ईम्बोस्ड नम्बर प्लेट सवारी साधनमा जडान हुने प्रविधियुक्त नम्बर प्लेट हो। अधिकांश विकसित देश तथा धेरै विकासोन्मुख देशहरुमा यो प्रविधियुक्त सवारी नम्बर प्लेट प्रयोगमा आएको छ। नेपालमा मिति

२०७२ सालको बजेटमा पहिलो पटक यो विषयले प्रवेश पाएको हो। त्यसपछि यसका लागि आवश्यक प्रक्रिया पुरा गरी मिति २०७३ जेष्ठ १९ गते विभाग र डेकाटुर- टाईगर आईटी (वंगलादेश/संयुक्त राज्य अमेरिका जेभि) वीच ईम्वोस्ड नम्वर प्लेट उत्पादन तथा जडान सम्बन्धी परियोजनाको सम्झौता भएको थियो। उक्त परियोजनामा ईम्वोस्ड प्लेट उत्पादन तथा सवारी साधनमा जडान सम्मका सवै कार्य डेकाटुर- टाईगर आईटीले गर्ने र ५ वर्ष भित्रमा २५ लाख सवारी साधनमा यस्ता प्लेट जडानगरी यससँग सम्बन्धित सवै संरचना (Hardware and Software) नेपाल सरकारलाई हस्तान्तरण गर्ने र नेपाल सरकारले सम्झौतामा उल्लेख भएबमोजिमको प्रति सेट प्लेटको मुल्य डेकाटुर- टाईगर आईटीलाई भुक्तानी गर्ने भन्ने रहेको छ। यसमा डेकाटुर- टाईगर आईटीले विभागले निर्धारण गरिदिएका काठमाण्डौ उपत्यका प्रवेश गर्ने विभिन्न ५ स्थानमा र काठमाण्डौ वाहिर ५ स्थानामा RFID Gate स्थापना गर्नुपर्ने थप जिम्मेवारी समेत रहेको छ। यो परियोजनामा नम्वरप्लेट उत्पादनका लागि आवश्यक सवै संरचना (Hardware and Software) निर्माणमा नेपाल सरकारको लगानी नहुने तर सेवा प्रदायकले आपूर्ति गरेको प्लेटको सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने व्यवस्था रहेको छ। सम्झौतामा विभिन्न प्रकारका सवारी साधनमा जडान गरिने नम्वरप्लेट जडान गरेवापत सेवाग्राही (सवारी धनी) ले बुझाउनुपर्ने शुल्क र सेवाप्रदायक (डेकाटुर- टाईगर आईटी) ले प्राप्त गर्ने भुक्तानी स्पष्ट व्यवस्था गरिएको छ। नेपाल सरकारवाट मिति २०७४ श्रावण २५ गते प्रकाशित राजपत्रको सूचना बमोजिम सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को अनुसूची-२, भाग-२ तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम (४) को उपनियम (४) मा ईम्वोस्ड नम्वर प्लेटको डिजाईन, भाषा तथा स्वरुपबारे व्यवस्था गरिएको छ।

ईम्वोस्ड नम्वर प्लेटको परियोजना तयारी तथा लागुहुने निर्णयको क्रममा यस सम्बन्धमा विभिन्न सवाल उत्पन्न भई सम्मानित अदालतमा यसका विरुद्धमा रिट पर्ने र सम्मानित अदालतबाट न्यायिक निरुपणका कार्यहरु हुदै मिति २०७६/८/२७ मा यससँग सम्बन्धित रिटहरु सर्वोच्च अदालतको संवैधानिक ईजलासबाट खारेजगरी सम्झौता बमोजिम ईम्वोस्ड नम्वरप्लेट जडानको कार्य अगाडी बढाउन मार्ग प्रसस्त भएको थियो। यससँगै सवारी साधनमा ईम्वोस्ड नम्वर प्लेट जडानको कार्य सुरु भएको थियो। सुरुवाती चरणमा प्रदेशहरुको नाम टुङ्गो नलागिसकेको अवस्थामा प्रदेशको संख्यागत आधारमा नम्वरप्लेट जडान गर्ने गरिएको र यसवीचमा कोभिड-१९ को महामारीका कारण ईम्वोस्ड नम्वरप्लेट जडानको कार्य अत्यन्त सुस्त गतिमा अगाडी बढेको थियो। मिति २०७८/७/२२ मा नेपाल सरकारबाट प्रकाशित राजपत्रको सुचना अनुसार तत्कालिन अवस्थामा नाम टुङ्गो लागिसकेका वागमती प्रदेश, गण्डकी प्रदेश, लुम्विनी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश गरी ५ वटा प्रदेशमा २०७८ मंसीर १ गतेबाट नयाँ दर्ता हुने सवारीमा, २०७८ फाल्गुण १ गतेबाट नामसारी गरिएका सवारी साधनमा र २०७९ जेष्ठ १ गतेबाट नविकरण गरिने सवारी साधनमा अनिवार्य रुपमा ईम्वोस्ड नम्वर प्लेट जडांन गर्न सूचना गरिएको थियो। राजपत्रको

उक्त सूचना पछि ईम्वोस्ड नम्वर प्लेट जडान गर्न आउन सक्ने निवेदनलाई आकलन गरि विभागले सेवा प्रदायकलाई समयमै पर्याप्त नम्वर प्लेट उत्पादन गर्न निर्देशन दिएको थियो र सेवा प्रदायकले नियमित नम्वर प्लेट उत्पादन गरिरहेको जानकारी गराईरहेको छ।

यस वीचमा मिति २०७८/७/२२ को राजपत्रको सूचना पछि जुन गतिमा ईम्वोस्ड नम्वर प्लेटहरु जडान हुनुपर्ने हो सो गतिमा नभएको र सवारी धनीहरुले ईम्वोस्ड नम्वर प्लेट जडान कार्यलाई स्वेच्छिक जस्तो ठानी ईम्वोस्ड नम्वर प्लेट जडानको लागि समयमै सम्वन्धित यातायात कार्यालयमा निवेदन नदिने गरेको पाईयो। सम्वन्धि यातायात व्यवस्था कार्यालयहरुले पनि ईम्वोस्ड नम्वर प्लेट जडानलाई गम्भिरतापूर्वक नलिई मिति २०७८ मंसीर १ गते पछि नयाँ दर्ताका लागि आएका सवारी साधनमा ईम्वोस्ड नम्वर प्लेट अनिवार्य गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउन उदासिनता देखाएको पाईयो । २०७८ फाल्गुण पछि किनवेच भई नामसारी गर्न आएका सवारी र २०७९ जेष्ठ १ गतेपछि नविकरण गर्न आएका सवारी साधनमा समेत ईम्वोस्ड नम्वर प्लेट अनिवार्य गर्नुपर्ने कानुनी व्यवस्था कार्यान्वयनमा उदासिनता देखाएको पाईयो। यहि कुरालाई मध्यनजर गर्दै विभागले पछिल्लो पटकको सूचनामा वागमती प्रदेश र गण्डकी प्रदेशको हकमा ईम्वोस्ड नम्वर प्लेट जडानको लागि अनुरोध गरिएको हो। राजपत्रको सूचना अनुसार स्वभाविक रुपमा जुन गतिमा ईम्वोस्ड नम्वर प्लेट जडान हुने प्रक्षेपण साथ विभागले ईम्वोस्ड नम्वर प्लेटहरु तयार गरेको थियो त्यस अनुरुप जडान नहुदा सम्झौता बमोजिम सेवा प्रदायकलाई भुक्तानी गर्नुपर्ने तर सवारीमा नम्वर प्लेट जडान नहुदा परियोजनाको उद्देश्य पुरा नहुने र राज्यमाथि भविष्यमा ठूलो आर्थिक दायित्व सिर्जना हुने अवस्था विकास हुदै गएको देखिन आयो।

राज्यले आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउनका लागि संसदबाट आवश्यक कानुन निर्माण गरी ति कानुनको परिधिभित्र रहि प्राप्त अधिकारको प्रयोग गर्न प्रशासनिक संरचनाहरु निर्माण गरेको हुन्छ। यस्ता प्रशासनिक संरचनाहरुको मुख्य जिम्मेवारी राज्यको दीर्घकालिन हित प्रवर्ध्न गर्न कानुनले निर्दिष्ट गरेका कामहरु गर्नु र राज्यलाई वर्तमान तथा भविश्यमा समेत कुनै हानि नहुनेगरी संसदले निर्माण गरेका कानुको कार्यान्वयनका लागि अथक प्रयास गर्नु हो। राज्यका नीति कार्यान्वयनका लागि मुख्यतः दुई रणनीति अवलम्वन गरिन्छ। पहिलो लाभ रणनीति (Incentive Strategy) र दोस्रो दवाव रणनीति (Enforcement Strategy ) हो। राज्यले नीति कार्यान्वयन गर्न अपनाउने पहिलो रणनीति लाभ रणनीति नै हो। लाभ रणनीति असफल वा अपेक्षाकृत नभएको अवस्थामा दवाव रणनीति अपनाउने गरिन्छ। ईम्वोस्ड नम्वर प्लेट जडान गर्ने सन्दर्भमा पनि यहि रणनीति कार्यान्वयनमा ल्याईएको छ। ईम्वोस्ड नम्वर प्लेट जडान किन र यसले सवारी धनीलाई कस्तो फाईदा पुर्याउछ तथा समग्र यातायात व्यवस्थापनमा कस्तो सकारात्मक प्रभाव पार्दछ भन्ने विषयमा पहिले जानकारी गराउदै पर्याप्त समय प्रदान गरी क्रमिक रुपमा ईम्वोस्ड नम्वर प्लेट लागु गर्दै जाने रणनीति अनुरुप २०७८ कार्तिक २२ गतेको सुचना प्रकाशन गरिएको

हो। उक्त सुचना प्रकाशित भएको करिव ७ महिनाको यस सम्वन्धि हालसम्मको कार्य प्रगतिको समिक्षा र परियोजना सम्पन्न गर्नुपर्ने सिमित समयको पावन्दिलाई ध्यानमा राख्दै दोस्रो रणनीति अवलम्वन गर्न आवश्यक देखिएको हो। संसदले बनाएको कानुनमा स्पष्ट व्यवस्था भएको कानुनी प्रवन्धको कार्यान्वयनको अवस्था प्रति नागरिकलाई सुसुचित गराउनुलाई धम्कीको रुपमा बुझ्दै जाने हो भने राज्यका जुनसुकै कानुन कार्यान्वयनमा कठिनाई उत्पन्न हुनजान्छ भन्ने विषयमा कोही कसैलाई द्बिविधा नहोला।

ईम्वोस्ड नम्वर प्लेट जडानको लागि आवश्यक पूर्वाधार तयार नगरी कार्यान्वयनमा ल्याईएको भन्ने भनाई सत्य होईन। विभागको तर्फबाट ईम्वोस्ड नम्वर प्लेट जडानको लागि गर्नुपर्न आवश्यक सवै पूर्वाधार तयार गरि सकेर मात्र विभागले यो कार्यक्रम कार्यान्वयनमा ल्याएको हो। आवश्यक मात्रामा प्लेट उत्पादनको कार्य भएको छ। हाल विभागमा करिव २ लाख ५० हजार प्लेट उत्पादन भएर स्टोरमा रहेको छ। ईम्वोस्ड नम्वर प्लेट जडानको लागि आवेदन गर्ने प्रणाली र यसको पर्सनलाईजेसनको प्रणाली तयार भएको छ। फिटिङ गर्ने जनशक्ति आपूर्तिको प्रवन्ध गरिसकिएको छ। उत्पादन भएका नम्वर प्लेटहरु समयमै सम्बन्धित यातायात व्यवस्था कार्यालयहरुमा ढुवानी गर्न हुलाक सेवा विभागसँग सम्झौता गरिसैकिएको छ। नम्वर प्लेट जडान गर्न सवारीको सम्पूर्ण विवरण यातायात व्यवस्था कार्यालयहरुमा हुने भएकोले सवारी धनीले अनलाईन प्रणाली मार्फत गरेको आवेदन र त्यससँग सम्वन्धित विवरण रुजु गरी ईम्वोस्ड नम्वर प्लेट प्रदान गर्ने जिम्मेवारी सम्बन्धित यातायात व्यवस्था कार्यालयको हो। यसरी कार्यालयबाट जारी भएको ईम्वोस्ड नम्वर प्लेट सम्बन्धित सवारी साधनको धनीको वायोमेट्रिक सुचना सहित पर्सनलाईजेशन गर्ने र फिटिङ गर्ने जिम्मेवारी सेवा प्रदायक (डेकाटुर टाईगर आईटी)को हो। यसको लागि विभागले समन्वयकारी भूमिका निर्वाह गर्ने हो।

कतिपय मानिसले RFID Gate नभएकोले यो जडान गर्नुको अर्थ छैन भनेको पनि सुनिन आएको छ। RFID Gate ईम्वोस्ड नम्वर प्लेट जडानको लागि नभै नहुने (Complementary Infrastructure) पूर्वाधार होईन। ईम्वोस्ड नम्वर प्लेट जडान गरिसकेपछि त्यसको उपयोगिता वृद्धि गराउने संरचना (Supplementary Infrastructure ) हो। यो कुनै निश्चित विन्दुबाट कुनै समय अन्तरालमा कति र कस्तो प्रकारका सवारी साधन वारपार भए भनि स्वचालित रुपमा तथ्यांक राख्ने प्रयोजनका लागि राखिने पूर्वाधार हो। धेरै मानिसले यसलाई सवारी साधनको स्थान पहिचान गर्ने (GPS Vehicle Tracking System) प्रणालीको रुपमा बुझेको जस्तो देखिन्छ। तर यो यस्तो प्रविधि होईन र यस्तो प्रविधि निजी सवारी साधनमा सरकारले जडान गर्न पनि कानुनी रुपले मिल्दैन किनकी यो व्यक्तिको स्वतन्त्र आवागमनको हक विरुद्ध हुन जान्छ। RFID Gate बाट पार भएको सवारी साधनको विवरण र सो सवारी साधनको अन्य सुचना केन्द्रिय प्रणालीमा स्वचालित रुपमा प्राप्त हुने र त्यो निश्चित अधिकार प्राप्त निकाय र पदाधिकारीको मात्र पहुचमा हुने विषय हो। वास्तवमा अहिले थानकोट नाकाबाट दैनिक वाहिरिने र काठमाण्डौ भित्रिने सवारी साधनको तथ्यांक

प्रहरीबाट राखिन्छ भने त्यस स्थानमा RFID Gate राखेपछि त्यो कार्य प्रणालीले गर्दछ। परियोजना अवधिमा काठमाण्डौ उपत्यका प्रवेशका विभिन्न ५ स्थानमा र काठमाण्डौ उपत्यका वाहिर ५ स्थानमा गरी जम्मा १० स्थानमा यस्तो गेट राख्नुपर्ने हो। RFID Gate राख्नुपर्ने स्थान सडक विभागको क्षेत्राधिकारमा पर्ने र विभागबाट स्थान प्रयोगका लागि अनुमती प्राप्त हुनासाथ पहिचान गरिएका स्थानमा यस्ता गेट राखिनेछ। हाल विभागमा नमुनाका लागि यस्तो गेट राखिएको र अन्य स्थानको लागि आवश्यक सामाग्री ल्याई सकिएको छ।

अन्त्यमा, ईम्वोस्ड नम्वर प्लेट जडानको विषय नयाँ नभएको र सार्वभौम संसदबाट निर्माण गरिएको कानुनको कार्यान्वयनमा तिब्रता दिई सिर्जित दायित्व समयमै पुरा गरी सार्वजनिक हित प्रवर्धन गर्ने सकारात्मक उद्देश्यका साथ २०७९ जेष्ट २० गते सार्वजनिक सुचना प्रकाशन गरिएको हो। सार्वभौम संसदबाट निर्माण भएका कानुन, सम्मानित अदालतका आदेश र अन्य प्रचलित कानुनको कार्यान्वयन गर्नु सार्वजनिक निकायको कर्तव्य हो। यसका लागि आवश्यक पूर्वाधारको तयारी र योजना तयार गर्नुपर्ने विषयमा विभाग सचेत छ। उक्त सुचनाको आशय र उद्देश्य २०७९ श्रावण देखि २०७८ कार्तिकमा प्रकाशित सुचना बमोजिम अनिवार्य रुपमा जडान गर्नुपर्ने भनिएका प्रकृतिका सवारी साधनमा त्यस्तो प्लेट जडान भए/नभएको अनुगमन गरिने र अन्य सवारीको हकमा सम्बन्धित यातायात व्यवस्था कार्यालयहरुले निर्धारण गरेको समय तालिका अनुसार लट अनुसार सवारीमा ईम्वोस्ड नम्वर प्लेट जडान गर्दै सम्झौताको वाकी समयमा २५ लाख सवारीमा यस्ता प्लेट जडान गर्ने भन्ने नै हो। यस विषयमा थप आशंका र द्विविधा नरहोस भनी विभाग अनुरोध गर्दछ। समयमा पर्याप्त सूचना संप्रेषण हुन नसकेकोमा विभाग पूनः क्षमायाचना गर्दछ।

**<u>प्रवक्ता</u>**

मितिः २०७९/२/२४

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
मिनभवन, काठमाण्डौं